जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २०० २०८० साल फागुन ३० गते बुधबार (13 Mar. 2024 Wednesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : देशभरका खोरमा १९ ... २ पृष्ठमा : अमेरिकी प्रतिबन्धबाट भेनेजुएलालाई ४ पृष्ठमा : लागुपदार्थ दुर्व्यसनी सम्बन्धी..

## चरित्र हत्या गर्ने समाचार प्रकाशन गरेको भन्दै सार्वजनिक रुपमा नेता यादवद्वारा आपत्ति

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका निवासी एवं जसपाका नगर उपाध्यक्ष ओमप्रकाश यादवले आफ्नो चरित्र हत्या गर्ने समाचार प्रकाशन गरेको भन्दै सार्वजनिक रुपमा आपत्ति जनाएका छन् ।

मंगलबार उनले पत्रकार सम्मेलनको आयोजना गर्दै यस्तो आपत्ति जनाएका हुन् । "एक अनलाइनले केही दिनअघि मेरो नाम उल्लेख गरेर तस्करहरुसित प्रहरी प्रशासनको साठगाँठ गराएको र तस्करी गराउन सक्रिय रहेको भन्दै समाचारमा प्रकाशन गरेको छ", उनले भने, "समाचारमा मेरो फोटो समेत राखेर प्रकाशन गरेकोमा म त्यसलाई प्रमाणित गर्न चुनौती दिन चाहन्छु ।"



आफ्नो साइनो सम्बन्ध नरहेको विषयलाई जोडेर लेखिएको भ्रामक समाचारको क्रममा आफूलाई एक वचनसमेत नसोधी पत्रकारिताको मर्म विपरितको काम गरेको उनले दाबी समेत गरे ।

कपोकल्पित समाचारमा आफ्नो नाम उल्लेख गरेर मानसिक रुपमा पिडा, चरित्र हत्या र समाजिक तथा राजनीतिक जिवन नै समाप्त पार्ने प्रयास गरिएको भन्दै उनले बास्तविक्ता उजागर गरिदिन संचारकर्मीहरु सँग आग्रह समेत गरेका छन् ।

उनले राजनीतिक पुर्वाग्रह र कुनै रिसइवीका कारण विपक्षीको उक्साहटमा यस्तो भ्रामक र कपोकल्पीत समाचार लेखिएको भन्दै कारवाहीका लागी प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ तथा आम संचार प्राधिकरण मधेश प्रदेशमा उजुरी दिइएको जानकारी समेत दिएका छन ।

## सम्झौता अनुसार भवन निर्माणको काम गर्दा पनि भुक्तानी पाउनबाट बञ्चित निर्माण व्यवसायी





**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरीका एक निर्माण व्यवसायी कम्पनी सम्झौता अनुसार एक सरकारी कार्यालय भवन निर्माणको काम गर्दा पनि भुक्तानी पाउनबाट बञ्चित भएका छन् ।

राजविराज ७ निवासी राधाकृष्ण निर्माण सेवाका प्रोपराइटर कौशल्या कुमारी रजकले सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै ती कार्यालयले विभिन्न वहाना देखाउँदै भुक्तानी दिन आलटाल गरेपछि आफू निकै समस्यामा परेको गुनासो गरेका छन् । उनले काम गरेको भुक्तानी समयमा नपाउँदा आफ्नो परिवार आर्थिक, सामाजिक तथा मानसिक तनाव खेप्न बाध्य भएको बताएका छन् ।

उक्त निर्माण कम्पनीका निर्देशन बिनोद साफीले मधेश प्रदेश सरकारको बजेटबाट भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीको प्रशासनिक भवन निर्माण कार्यको लागि २०८० बैशाख २६ गते सम्झौता भएको र बैशाख २९ गते कामका लागि कार्यादेश समेत पाएको जानकारी दिए ।

सम्झौता अनुसार पहिलो चरणको ग्राउण्ड लेभलको काम पुरा गरेपछि २०८० असार मसान्तमा निर्माण कम्पनीले मुल्य अभिबृद्धि कर कटाएर ४५ लाख भुक्तानी पनि पाएका थिए ।

त्यसपछि पहिलो तल्लाको गरिएको निर्माण कार्यको रकम भने विभिन्न बहानामा रोकिएको निर्माण कम्पनीका निर्देशक साफीको भनाई छ । "दोश्रो चरणमा तोकिएको समय सीमा भित्रै पहिलो तल्लाको भवन निर्माणको काम पनि सक्यौं, निर्देशक साफीले भने, "तर, त्यसमा लागेको खर्च ६६ लाख २६ हजार ५ सय ४२ रुँपैया हालसम्म भुक्तानी पाउन सकेका छैनौं ।"

उनले दोश्रो चरणको काम सकिएको भन्दै प्राविधिक रिपोर्ट

***बाँकी तीन पृष्ठमा***

## १४ वर्षपछि व्यवस्थापन समितिको निर्वाचन

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरी जिल्लाकै पुरानो मध्येका एक श्री लक्ष्मी बल्लभ नगरसिह माध्यमिक विद्यालयको व्यवस्थापन समितिको निर्वाचन मंगलवार १४ वर्षपछि निर्वाचन भएको छ ।

बि.स.२००६ सालमा स्थापित सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका ७ बभनगामाकट्टी स्थित उक्त विद्यालयको व्यवस्थापन समितिको निर्वाचन १४ वर्ष पछि भएको हो ।

यस अघि बि.स. २०६६ सालमा व्यवस्थापन समितीका लागी पहिलो निर्वाचन भएको थियो । त्यसपछि विभिन्न खाले विवादका कारण निर्वाचन हुन नसकेपछि गाउपालिका कार्यालयले गरेको मनोनित कै भरमा व्यवस्थापन समिति चल्दै आएको थियो ।

यस विषयलाई लिएर वेलाबेलामा विवाद उत्पन्न हुन थालेपछि अभिभावक, स्थानीय बुद्धिजीवी र जनप्रतिनिधीको पहलमा नयाँ व्यवस्थापन समितिका लागी दोश्रो पटक निर्वाचन गराइएको समाजसेवी प्रकाश कुमार मण्डलल जानकारी दिए ।

निर्वाचन अधिकृत कृष्ण कुमार यादवका अनुसार कुल १ हजार ३ सय ३५ मतदाता रहेकोमा ७ सय ३७ मत खसेको छ । तीन वर्षे कार्यकाल रहने व्यवस्थापन समितिको २ महिला र २ पुरुष गरी ४ सदस्य पदका लागी निर्वाचन सम्पन्न भएको छ । चार पदका लागी ९ महिला सहित १६ जना उम्मेदवार चुनावी मैदानमा छन् । जितेको ४ जना मध्ये बाटै १ जना अध्यक्षको चयन गरिने जनाएको छ ।

## जन्ती जाँदै गरेका दुई नेपालीसहित तीन जनाको दुर्घटनामा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाबाट भारततर्फ जन्ती जाँदै गरेका दुई नेपाली युवकसहित तीन जनाको दुर्घटनामा मृत्यु भएको छ । दुर्घटनामा चार नेपालीसहित आधा दर्जन व्यक्ति घाइते भएका छन् ।

सो गाउँपालिका वडा नं. ३ बाट भारतको बिहार राज्य अन्तर्गत मधुवनी जिल्लाको लौकही बथनाहातर्फ जन्ती जाँदै गरेको अवस्थामा जन्ती सवार गाडी सोमबार राति दुर्घटनामा पर्दा छिन्नमस्ता ३ का २२ बर्षीय गोबिन्द सदा र १४ बर्षीय नितेश सदाको मृत्यु भएको हो । दुर्घटनामा एक भारतीयको पनि मृत्यु भएको छ ।

डिजे समेत लोड भएको गाडीमा बथनाहा नजिकैको सडक छेउमा एक विद्युतिय पोलमा ठोक्किएर दुर्घटना हुँदा डिजेका अपरेटरको रुपमा कार्यरत गाडीमा सबार ती भारतीयको मृत्यु भएको हो ।

घाइतेहरुको भारतकै अस्पतालमा उपचार भइरहेको छिन्नमस्ता गाउँपालिकाका राजनीतिज्ञ जयप्रकाश यादवले जानकारी दिए ।

छिन्नमस्ता गाउँपालिका ३ का सुमन सदाको विवाहका लागि यहाँबाट भारततर्फ जन्ती गइरहेको थियो । मृतकमध्ये एक जनाको शव ल्याइसकिएको र अरुको ल्याउने प्रयास भइरहेको यादवले जानकारी दिए ।

सवारी साधन व्यवस्थापनका लागि अनुरोध

➢ काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।

➢ सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं ।

➢ शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सूचनामा सबैको पहुँच आवश्यक

अहिले सूचना सार्वजनिक गर्नु भन्दा पनि लुकाउनेको होडबाजी बढी चलेको छ । सूचना भन्ने बित्तिकै लुकाउने नभएर सार्वजनिक गर्ने विषय बस्तु बुझ्नुपर्छ । तर यहाँ सूचना नदिएर आफूलाई ठूलो बहादुर भन्ने ठान्ने धेरै छन् । यो पाउने अधिकार सबै आम नागरिकको हो । सूचना भनेको अरुलाई दिएर पारदर्शि गर्नु हो । जनतालाई सरोकार राख्ने हरेक विषयलाई पारदर्शि गर्नुपर्दछ । सानो भन्दा सानो कुरालाई जनतासामु सार्वजनिक गरेर लैजानु पर्दछ । कोही पनि सूचना पाउनबाट बञ्चित हुनुहुँदैन् ।

विभिन्न कार्यालयहरुबाट सूचना पाउनका लागि केही नियम हुन्छन् । ती नियम तहत सूचना पाउन कुनै गाह्रो हुँदैन् । तर सूचनाका लागि नियम सम्वत प्रक्रिया पुऱ्याएर निवेदन दिँदा पनि सूचना पाउन सहज छैन् । यता राष्ट्रिय सूचना आयोगमा कुनै पनि सरोकारवाला निकायले सूचना नदिए सिधै उजुरी दिने प्रावधान छ । यही प्रावधानलाई आम जनताले टेकेर उजुरी दिने गर्छन् । प्रश्न उठ्न सक्छ की सूचना कीन दिइदैन् ? सूचना नदिने धेरै आश्रय हुन सक्छन् । जस्तै आफुखुशी काम गर्ने उद्देश्य, रकमको प्रलोभन, गलत काम गर्ने नियत लगायत ।

तसर्थ सूचना लिने दिनेको सुरुवात गर्न आजैबाट बानी बसालौं । सूचना माग गर्दा दिइने निवेदनको आधारमा सूचना दिनु पर्छ भन्ने मानसिकताको विकास गरे मात्र यसलाई सहज रुपमा लिन सकिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# देशभरका खोरमा १९ समस्याग्रस्त बाघ, 'टाइगर जु' बनाउन विज्ञको सुझाव

**भीष्मराज ओझा**

काठमाडौँ, २९ फागुन (रासस) ।

पछिल्लो समयमा नेपालमा पाटे बाघको सङ्ख्यामा उल्लेख्य वृद्धि भएसँगै राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र आसपासका क्षेत्रमा समस्याग्रस्त बाघको समस्या पनि बढेको छ । खासगरी बस्तीमा पसेका, मानव तथा घरपालुवा जनावरलाई आक्रमण गरेका र घाइते अवस्थामा भेटिएका बाघलाई उद्धार गरेर खोरमा राख्ने गरिएको छ ।

हाल मुलुकभर यस्ता समस्याग्रस्त बाघको सङ्ख्या १९ रहेको छ । तीमध्ये ललितपुरको जावलाखेलस्थित सदर चिडियाखाना तथा चितवन राष्ट्रिय निकुञ्जमा छ/छ, बर्दिया राष्ट्रिय निकुञ्जमा पाँच, बाँके र पर्सा राष्ट्रिय निकुञ्जमा एक/एक बाघ खोरमा राखिएका छन् । बर्दिया र पर्सामा यस्ता दुई बाघ केही समय अघि मात्रै खोरमै मरेका थिए ।

यस्ता बाघको दैनिक आहारा, हेरचाह, उपचार र अन्य व्यवस्थापनमा बर्सेनि सरकारको ठूलो रकम खर्च हुँदै आएको छ । विगत दश वर्षमा नेपालमा बाघको सङ्ख्या दोब्बरभन्दा बढीले वृद्धि भएको छ । सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ गणनाअनुसार नेपालमा हाल बाघको सङ्ख्या तीन सय ५५ पुगेको छ ।

बाघलाई मार्न र बेचबिखन गर्न नपाइने कानुनी प्रावधान छ । तसर्थ समस्याग्रस्त बाघको व्यवस्थापनका लागि 'टाइगर जु' स्थापना गर्नुपर्ने, मित्रराष्ट्रलाई उपहारस्वरुप प्रदान गर्नुपर्ने, प्रदेशमा रहेका प्राणीउद्यानमा राख्नुपर्ने, केही उपाय नलागे मार्नुपर्नेलगायत विकल्पमाथि बहस सुरु भएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा सिन्धुप्रसाद ढुङ्गाना वातावरणीय क्षमताका हिसाबले नेपालमा समग्रमा बाघको सङ्ख्या बढी भएको आङ्कलन गर्दै अटाउने निश्चित क्षेत्रभन्दा बढी भएपछि बाघ आहाराको खोजीमा जङ्गलबाहिर आउने गरेको बताउनुहुन्छ । जङ्गलबाहिर निस्केको र मानव तथा वन्यजन्तुलाई आक्रमण गरेको बाघलाई पुनः जङ्गलमा फर्काउँदा खतरा कायमै रहने उल्लेख गर्दै उहाँ भन्नुहुन्छ, "समस्याग्रस्त बाघलाई ठूलो खोर बनाएर 'टाइगर सेन्चुरी' अवधारणामा वरपर जालीबाट मानिसले हेर्न सक्ने गरी राख्ने कि भन्ने योजनामा छौं, तर यसका लागि नियमितभन्दा थप धेरै बजेट आवश्यक पर्छ ।"

यसबाहेक समस्याग्रस्त बाघको तत्काल व्यवस्थापनका लागि कोशी टप्पुतिर पनि खोर बनाएर सार्ने, प्राणी उद्यानमा उद्धार केन्द्र बनाएर राख्ने, मित्रराष्ट्रलाई उपहार दिनेलगायत विभिन्न विकल्पका बारेमा छलफल भइरहेको महानिर्देशक डा ढुङ्गानाको भनाइ छ । यसरी खोरमा राखेका प्रत्येक बाघलाई आहाराका रूपमा दैनिक पाँच किलो मासु दिने गरिएको छ । साथै व्यवस्थापन र घाइते बाघको उपचारका लागि थप जनशक्तिको समेत परिचालन हुँदै आएको छ ।

वन तथा वातावरण मन्त्रालयका सहसचिव डा महेश्वर ढकाल बाघको सङ्ख्या बढेसँगै अब दायित्व पनि थपिएको बताउनुहुन्छ । मानव बस्तीबाट उद्धार गरेको बाघ स्वस्थ छभने तत्काल पुनः वन क्षेत्रमा नै पुनःस्थापना गर्नुपर्ने उहाँको भनाइ छ । यसबाहेक 'टाइगर जु' बनाएर व्यवस्थापन गर्नुपर्ने, प्रदेशका चिडियाखानामा व्यवस्थापन गर्नुपर्ने र मित्रराष्ट्रलाई उपहार दिर्नुपर्ने उहाँको सुझाव छ । "उपरोक्त कुनै पनि उपाय लागेन भने समस्याग्रस्त तथा घाइते बाघलाई मार्नुपर्ने अवस्था पनि हुनसक्छ, जुन अन्तरराष्ट्रिय अभ्यासमा पनि छ", सहसचिव डा ढकाल भन्नुहुन्छ ।

**समस्याग्रस्त बाघलाई पुनः जङ्गलमा छाड्दा खतरा कायमै**

यस्तै बर्दिया राष्ट्रिय निकुञ्जका चिफ वार्डेन डा अशोक राम मानिस र घरपालुवा जनावरलाई आक्रमण गरिसकेका तथा खोरमा तयारी आहारा खाने बानीले अल्छि भइसकेको हुँदा त्यस्ता बाघलाई खुला वनक्षेत्रमा पुनः छाड्न नसकिने तर्क गर्नुहुन्छ । उहाँ प्राकृतिक रूपमा बाघको धान्ने क्षमता, मानव-बाघ द्वन्द्वका बारेमा यकिन गर्न गहिरो अध्ययन अनुसन्धान गर्नुपर्ने आवश्यकतासमेत औंल्याउनुहुन्छ ।

चिफ वार्डेन डा राम भन्नुहुन्छ, "सङ्ख्या बढ्नु भनेको समस्या त होइन, तर सङ्ख्या बढेसँगै समस्याग्रस्त बाघ चुनौतीका रूपमा देखिएका छन्, यीलगायत बुढा र घाइते बाघलाई बाचुन्जेल खोरमै राख्नुपर्ने बाध्यता छ ।"

चितवन राष्ट्रिय निकुञ्जका चिफ वार्डेन दिलबहादुर पुन खोरमा रहेका बाघको आहार तथा व्यवस्थापन खर्चिलो भएको बताउनुहुन्छ । बाघको बासस्थानमा मानिस प्रवेश गर्दा र बाघ बासस्थान बाहिर निस्कदा मानवीय र अन्य क्षति हुने गरेको जानकारी दिदै उहाँ भन्नहुन्छ, "हामी त्यस्ता वन्यजन्तुलाई 'डार्ट' गरेर उद्धार गरी खोरमा राख्छौँ ।"

सदर चिडियाखानाको व्यवस्थापन गर्दै आएको राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी)का निर्देशक नरेश सुवेदी बाघलाई साँघुरो खोरमा राख्दा उसको जीवन कठिन भएको बताउनुहुन्छ । समस्याग्रस्त बाघलाई अलि ठूलो स्थानमा 'बाघ पार्क' जस्तो बनाएर प्रदर्शनमा राख्न सके बाघका लागि पनि राम्रो हुने र आय पनि हुने उहाँ सुझाउनुहुन्छ ।

समस्याग्रस्त बाघलाई खोरमा राख्दा अन्तरराष्ट्रिय मापदण्ड अनुसारको आहारा र हेरचाह गर्न नसकिएको उहाँको भनाइ छ । मानव-बाघ द्वन्द्व बढेको भन्ने सन्दर्भमा निर्देशक सुवेदी भन्नुहुन्छ, "बाघको सङ्ख्या बढेर द्वन्द्व बढेको होइन, त्यसबाहेक अन्य विभिन्न कारण पनि छन्, ९८ प्रतिशत मानव आक्रमणका घटना जङ्गल क्षेत्रमा भएका छन्, बाघले बासस्थान बाहिर आएर आक्रमण गरेका घटना ज्यादै न्यून छन्, केही घटना राति खोलामा माछा मार्न गएका बेला भएका उदाहरण छन् भने कुनै त क्षतिपूर्ति रकम पाइन्छ भनेर भारतमा भएका घटना पनि नेपालमा दाबी गर्ने गरिएको छ ।"

बाघमै विद्यावारिधि गर्नुभएका एनटिएनसीका अर्का निर्देशक डा चिरिञ्जीवीप्रसाद पोखरेल पनि समस्याग्रस्त बाघलाई निश्चित ठूलो क्षेत्रफलमा प्राकृतिक खोर बनाई

*बाँकी तीन पृष्ठमा*

## विश्व समाचार

### अमेरिकी प्रतिबन्धबाट भेनेजुएलालाई ७०० अर्ब अमेरिकी डलरको घाटा

काराकस, २९ फागुन (रासस/सिन्ह्वा) ।

अमेरिकी प्रतिबन्धबाट भेनेजुएलालाई कुल गार्हस्थ उत्पादनमा झण्डै ७०० अर्ब अमेरिकी डलरको नोक्सानी भएको उपराष्ट्रपति डेल्सी रोड्रिग्वेजले सोमबार बताउनुभएको छ ।

प्रतिबन्धका कारण भेनेजुएलाको तेल उद्योगले करिब २३२ अर्ब डलरको नोक्सानी बेहोरेको छ । साथै अन्तरराष्ट्रिय बैंकहरूमा रहेको भेनेजुएलाको २२ अर्ब डलरभन्दा बढीको सम्पत्ति पनि रोक्का गरिएको उपराष्ट्रपतिले बोलिभियाली शहर सान्ता क्रुज डे ला सिएरामा आयोजित अन्तरराष्ट्रिय गोष्ठीमा उल्लेख गर्नु भएको छ ।

सन् २०२३ अक्टोबरमा सरकार र भेनेजुएलाका विपक्षी दलहरू बीच भएको बार्बाडोस सम्झौतामा अमेरिकाले प्रतिबन्ध हटाउने सहमति भए तापनि पालाना नभएको उहाँको गुनासो छ । उक्त सम्झौताले 'जनरल लाइसेन्स ४४' का नामले चिनिने राहत भेनेजुएलालाई उपलब्ध भएको भए तापनि राष्ट्रपति निकोलस मादुरोले विपक्षी दलबाट राष्ट्रपतिको उमेद्वारको दौडमा रहेका नेतालाई चुनाबमा अगाडि बढ्न प्रतिबन्ध लगाएपछि बाइडेन प्रशासनले भेनेजुएला माथि पुनः प्रतिबन्ध लगाएको थियो ।

अमेरिकाको पछिल्लो कदम विपक्षी नेतालाई राष्ट्रपतिको उम्मेदवार हुनबाट प्रतिबन्ध लगाउने मादुरोको निर्णयको प्रतिक्रियामा आएको थियो ।

उक्त गोष्ठीलाई सम्बोधन गर्दै उपराष्ट्रपति रोड्रिग्वेजले अमेरिकी एकपक्षीय नीतिहरूलाई ध्यानमा राख्दै अब ल्याटिन अमेरिकालाई "अनिवार्य रूपमा" नयाँ वित्तीय संरचना चाहिएको बताउनुभएको छ ।

"यदि हामी नयाँ वित्तीय संरचनाको बारेमा सोच्न चाहन्छौं भने हामीले आफ्नै मुद्रामा व्यापार गर्नुपर्दछ," उहाँले भन्नुभयो ।

### पाकिस्तानको पञ्जाबमा आवासीय भवन भत्किँदा नौ जनाको मृत्यु, दुई जना घाइते

इस्लामाबाद, २९ फागुन (रासस/सिन्ह्वा) ।

पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको मुल्तान शहरमा मङ्गलबार आवासीय भवन भत्किँदा कम्तीमा ९ जनाको मृत्यु भएको छ भने २ जना गम्भीर घाइते भएका छन् ।

उक्त तीनतले भवन मङ्गलबार बिहानै भत्केको जानकारी पाउँनासाथ उद्धार कार्यमा जुटेको उद्धार कार्यको नेतृत्व गरिरहेका मुल्तानका जिल्ला आपतकालीन अधिकारी कलीम उल्लाहले सिन्ह्वालाई बताउनुभएको छ ।

घाइतेहरूलाई स्थानीय अस्पतालमा लगिएको उहाँले जानकारी दिनुभएको छ । मृत्यु हुनेमा एकै परिवारका सात जना रहेको उल्लाहले बताउनुभएको छ । भवन भत्किनुको कारणबारे अनुसन्धान शुरु गरिएको छ ।

### हइटीका प्रधानमन्त्रीले राजीनामा दिँदै

मेक्सिको सिटी, २९ फागुन (रासस/सिन्ह्वा) ।

हइटीका प्रधानमन्त्री एरियल हेनरीले सङ्क्रमणकालीन राष्ट्रपति परिषद् गठन भएपछि आफूले राजीनामा दिने घोषणा गर्नु भएको छ ।

"मैले नेतृत्व गरिरहेको सरकारले (सङ्क्रमण) परिषद्को स्थापनापछि तुरुन्तै राजीनामा दिनेछ । म सबै हइटीबासीलाई शान्ति र स्थायित्वका लागि संयमित रहन आग्रह गर्दछु" हेनरीले भिडियो सम्बोधनमा भन्नुभएको छ । क्यारिबियन समुदायका क्षेत्रीय नेताहरूले सोमबार जमैकामा राजनीतिक सङ्क्रमणको व्यवस्थापन ढाँचामा छलफल गर्न र स्थानीय बासिन्दाहरूलाई तत्काल मानवीय सहायता प्रदान गर्नका लागि आपत्कालीन शिखर सम्मेलन आयोजना गरेका छन् ।

सन् २०२१ जुलाई ७ मा हइटीका तत्कालीन राष्ट्रपति जोभेनेल मोइसको हत्या भएपछि त्यहाँ राजनीतिक अस्थिरता बढेको छ । हइटीमा यस वर्षको फेब्रअरी ७ अघि निर्वाचन हुने भनिएको थियो तर हुन सकेन जसले सामाजिक अशान्ति र राजनीतिक अस्थिरता निम्त्याइरहेको छ ।

फेब्रअरीको अन्त्यदेखि हइटीका थुप्रै गिरोह सङ्गठनले प्रधानमन्त्रीको राजीनामाको माग गर्दै राजधानी, पोर्ट-ओ-प्रिन्स, प्रहरी चौकी, प्रहरी प्रतिष्ठान, अन्तरराष्ट्रिय विमानस्थललगायत सार्वजनिक निकाय र क्षेत्रमा आक्रमणलाई तीव्रता दिएका छन् ।

### हिजबुल्लाह लडाकुद्वारा उत्तरी इजरायलतर्फ १०० वटा रकेट प्रहार

जेरुसेलम, २९ (रासस/सिन्ह्वा) ।

हिजबुल्लाह लडाकुले मङ्गलबार बिहान उत्तरी इजरायलतर्फ लेबनानमा करिब १०० वटा रकेट प्रहार गरेका छन् । सो रकेट आक्रमणपछि इजरायली पक्षले त्यसको जवाफमा हवाइ प्रत्याक्रमण गरेको इजरायली स्रोतले जनाएको छ ।

इजरायल डिफेन्स फोर्स (आईडीएफ)का अनुसार रकेट माथिल्लो ग्यालिली क्षेत्र र इजरायलले कब्जा गरेको गोलान हाइट्समा प्रहार गरिएको थियो तर हवाइ प्रतिरक्षा प्रणालीले ती रकेटलाई रोकेको छ ।

इजरायल डिफेन्स फोर्सले आफ्ना लडाकु विमानहरूले बिहान रकेट प्रहार गर्न प्रयोग हुने तीन वटा लन्चरहरूलाई रोकेको बताएको छ । बेरुतबाट करिब ४५ किलोमिटर पूर्वमा रहेको लेबनानको बेका उपत्यकामा इजरायली हवाइ आक्रमणको जवाफमा 'साल्भोस' आएको हो ।

गोलान हाइट्सतर्फ हालै हिजबुल्लाह विमान हमलाको बदला लिन हिजबुल्लाहको हवाई सेनासँग सम्बन्धित दुईवटा स्थानलाई लक्षित गरी हवाई आक्रमण गरिएको थियो । इजरायल सीमाबाट करिब १०० किलोमिटर टाढा रहेको बेका उपत्यकालाई हिजबुल्लाहको गढ मानिन्छ ।

## देशभरका खोरमा ...

'टाइगर सेन्चुरी एप्रोच'को अवधारणामा लैजानुपर्नेमा जोड दिनुहुन्छ। "त्यसमा बाघ बाहिर निस्कन पनि नमिल्ने र पर्यटन प्रवर्द्धन हुने गरी व्यवस्था गर्नुपर्छ, यसको लाभ भनेको समस्याग्रस्त बाघ स्वस्थ पनि हुने र व्यवस्थापन गर्न सहज भई द्वन्द्व न्यूनीकरण पनि हुन्छ", उहाँले भन्नुभयो।

बाघ निश्चित क्षेत्रफल ओगटेर बस्ने भएको र अर्को भालेसँगको जुधाइ, आहाराको खोजी, जङ्गलभित्रका खोला पोखरी सुक्दा खानेपानीको खोजीलगायत कारण बासस्थानबाट बाघ बाहिर आउने गरेका छन्। बाघले आफ्नो आनीबानी परिवर्तन गर्न नसक्ने भएकाले मानव-बाघ द्वन्द्व न्यूनीकरणका लागि मानिसले नै संरक्षित क्षेत्रमा जानेलगायत आनीबानी परिवर्तन गर्नुपर्ने निर्देशक डा पोखरेलको सुझाव छ।

**सङ्ख्यामा वृद्धिसँगै मानव-बाघ द्वन्द्व बढ्दै**

पाटे बाघ विश्वका १३ देशमा पाइन्छन्। बाघ पाइने मुलुकका सरकार तथा राष्ट्रप्रमुखको सन् २०१० मा रुसको सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको सङ्ख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो।

उक्त सम्मेलनमा नेपालले सन् २००९ को गणनाअनुसार नेपालमा रहेका तत्कालीन बाघको सङ्ख्या एक सय २१ लाई बढाएर दोब्बर पुऱ्याउने प्रतिबद्धता जनाएको थियो। सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ गणनाअनुसार नेपालमा बाघको सङ्ख्या तीन सय ५५ पुगेको छ।

उक्त गणनाअनुसार सबैभन्दा धेरै बाघ चितवन राष्ट्रिय निकुञ्जमा एक सय २८ र बर्दियामा एक सय २५ छन्। त्यस्तै बाँकेमा २५, पर्सामा ४१ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ बाघ पाइएको विभागको तथ्याङ्क छ। नेपालले विसं २०६७ देखि बाघ दिवस मनाउँदै राष्ट्रियस्तरमा बाघ गणना गर्दै आएको छ।

नेपालमा बाघको सङ्ख्या सन् १९९५ मा ९८, सन् २००० मा एक सय नौ, सन् २००५ मा एक सय २६, सन् २००९ मा एक सय २१, सन् २०१३ मा एक सय ९८ र सन् २०१८ मा दुई सय ३५ रहेको विभागको तथ्याङ्क छ। नेपालबाहेक भारत, चीन, भूटान, रुस, बङ्गलादेश, भियतनाम, म्यानमार, मलेसिया, इन्डोनेसिया, थाइल्यान्ड र लाओसमा पाटे बाघ पाइन्छन्। सन् २०१६ को तथ्याङ्कअनुसार विश्वमा सबैभन्दा धेरै भारतमा दुई हजार दुई सय २६ र सबैभन्दा कम लाओसमा दुई बाघ थिए।

**बाघ आक्रमणका ९८ प्रतिशत घटना संरक्षण क्षेत्रमा**

नेपालमा बाघको सङ्ख्या बढेसँगै यिनको व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, बासस्थान सुधारलगायत अन्य विविध विषय चुनौती बनेका छन्। मध्यवर्ती क्षेत्रका मानिस घाँस दाउरा, निगुरो टिप्न र गाईभैँसी चराउन जङ्गल जाने क्रममा सामुदायिक वनभित्रै बाघको आक्रमणमा पर्ने गरेका छन्। उनीहरूलाई जङ्गल नजाने वातावरण बनाउन नेपाल सरकारले वैकल्पिक जीविकोपार्जनको उपायको व्यवस्था मिलाउने किसिमका कार्यक्रम पनि गर्दै आए पनि त्यो पर्याप्त छैन।

वन्यजन्तुले मानिस र घरपालुवा जनावरलाई आक्रमण गर्ने, बालीनाली, घर, गोठको क्षतिलगायत घटना बढ्दै गएका छन्। पछिल्लो पाँच वर्षमा बाघबाट मात्र ५८ जनाको मृत्यु भएको तथ्याङ्क छ। आर्थिक वर्ष २०७९/८० मा बाघको आक्रमणबाट १२, आव २०७८/७९ मा २१, आव २०७७/७८ मा १३, आव २०७६/७७ मा आठ र आव २०७५/७६ मा चार जनाको मृत्यु भएको थियो।

विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङ मानव-वन्यजन्तु द्वन्द्व रोकथामका लागि जङ्गल वरपरका समुदायलाई जङ्गल नपस्ने गरी जीविकोपार्जनको विकल्प दिनुपर्ने, स्थानीयको वन्यजन्तुप्रति गर्ने आनीबानीमा परिवर्तन गर्नुपर्ने बताउनुहुन्छ। साथै उहाँ वन्यजन्तुको वासस्थानको राम्रो व्यवस्थापन गर्नसके वन्यजन्तु बाहिर ननिस्कने र स्थानीय बासिन्दालाई पनि वैकल्पिक आयको व्यवस्था गर्न सके जीविकोपार्जनका लागि जङ्गल जान बाध्य नहुने अवस्था बनाउन सबै लाग्नुपर्नेमा जोड दिनुहुन्छ।

जिओलोजीकल सोसाइटी अफ लन्डन (जेडएसएल)का राष्ट्रिय प्रतिनिधि डा भगवानराज दाहाल समस्याग्रस्त बाघलाई खोरमा राख्नुमात्र दिगो समाधान नभएको बताउनुहुन्छ। त्यसको कारणबारे गहिरो अध्ययन गरेर स्वस्थ्य बाघलाई पुनःस्थापना गर्न सकिने बारेमा सोच्नुपर्ने उहाँको भनाइ छ। उहाँ बाघलाई आफ्नो बासस्थानमै अडिनका लागि गुणस्तरीय आहारा वृद्धि गर्न पानीका स्रोत र घाँसेमैदान बढाउन लाग्नुपर्नेमा जोड दिनुहुन्छ।

जेडएसएलका राष्ट्रिय प्रतिनिधि डा दाहाल बाघको सङ्ख्याको अनुपातमा हाल संरक्षणको क्षेत्रफल कम नभएको तर्क गर्दै बासस्थानको गुणस्तरीयता बढाउनुपर्ने र बाघको सङ्ख्या बढेसँगै निकुञ्ज आसपास क्षेत्रमा प्राकृतिक खोर तथा होल्डिङ सेन्टर बनाएर समस्याग्रस्त बाघको व्यवस्थापन गर्नुपर्ने सुझाउनुहुन्छ। साथै उहाँ जङ्गल बाहिर आएका बुढा, रोगी र घाइते बाघको निर्क्योल गरेर मात्रै निगरानी गरेर खोरमा राख्नुपर्ने बताउनुहुन्छ।

प्राकृतिक सम्पदाका रूपमा रहेको बाघलाई सांस्कृतिक तथा ऐतिहासिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ। जैविक प्रणालीलाई सन्तुलनमा राख्न पनि यसले योगदान पुऱ्याउँछ। खाद्य श्रृङ्खलामा बाघ मुख्य सिकारी वन्यजन्तु भएका कारणले अन्य जनावरलाई नियन्त्रणमा राखी वातावरण सन्तुलनमा यसको उल्लेखनीय योगदान हुन्छ। बाघ स्वस्थ्य र सफा पारिस्थितिकीय प्रणालीको सूचक प्रजाति हो।

## सम्झौता अनुसार ...

लगायतका अन्य आवश्यक सबै विवरणसहितको कागजात उपलब्ध गराएपछि तत्कालिन प्रमुख झाले भुक्तानीका लागि तोक लगाएको र उनको सोही समयमा अन्यत्र सरुवा भएपछि लेखापाल र नयाँ आएका कार्यालय प्रमुख शंकर साहले विभिन्न वहाना देखाउँदै भुक्तानी रोकेको बताए। उनले बहुवर्षिय योजना बमोजिम समयमै काम सम्पन्न गर्दै जाँदा पनि भुक्तानी रोकिनुले निर्माण कम्पनीको ठूलो लगानी फसेर अन्य कामकाज समेत प्रभावित बन्न पुगेको बताए।

समयमा काम गरेको रकम नपाउँदा भवन निर्माणको थप काम समयमै सम्पन्न गर्न कठिनाई भएको भन्दै निर्माण कम्पनीले सोबाट हुने क्षति समेतको जिम्मेवार कार्यालय नै हुने भनी पटक पटक उक्त कार्यालयका साथै मधेश प्रदेशको भूमि, ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र स्थानिय प्रशासनलाई पनि लिखित र मौखिक जानकारी गराई सकेको उनले जानकारी दिएका छन्।

यस सम्बन्धमा निर्माण व्यवसायी सप्तरीका अध्यक्ष सतिशचन्द्र मिश्रले काममा लगाएर यसरी निर्माण व्यवसायीको लगानी रोकेर राख्नु उचित नभएको बताएका छन्। उनले उक्त निर्माण कम्पनीले निर्धारित समयमै सम्पन्न गरेको कामको पैसा अविलम्ब पाउनु पर्ने भन्दै यसका लागि संघले पनि पहल थालेको बताए।

यता भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीका प्रमुख शंकर साहले अहिलेसम्म भएका निर्माण कार्यको रकम सम्बन्धीत निर्माण कम्पनीले पाउनु पर्ने पक्षमा आफू पनि रहेको भएपनि केही कारणले भुक्तानीमा समस्या भएको जनाएका छन्।

"एकातिर गत वर्ष महालेखा परिक्षकको अडिट रिपोर्टमा उक्त निर्माण कार्यमा केही त्रुटीहरु देखाइएको छ, अर्कोतिर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको अवस्था छ, उनले भने, "बहुवर्षिय योजनालाई भुमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत अर्थ मन्त्रालयमार्फत पूर्व स्वीकृती गराइनु पर्ने प्रावधान पनि पुरा गरेको देखिएन्, यी लगायतका कारणले भुक्तानीमा ढिलाई भएको हो।"


शम्भुनाथ नगरपालिका

फोन नं. ०३१-४१०१११

# नगर कार्यपालिकाको कार्यालय

कठौना, सप्तरी

मधेश प्रदेश नेपाल

सूचना ! सूचना !! सूचना !!!

**आ.ब. २०८०/०८१ को शम्भुनाथ मेला ठेक्का सम्बन्धि शिलबन्दी दरभाउ आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/११/३० गते

यस शम्भुनाथ नगरपालिका वडा नं. ३ मा रहेको शम्भुनाथ बाबा मन्दिर २०८१ बैशाख १ गते देखि ऐ. मसान्त सम्म साविका सनातन देखि प्रत्येक बर्षहरु झै यस पटक पनि एक महिने शम्भुनाथ मेला लाग्ने भएकोले उक्त मेलाको ठेक्का बन्दोबस्ती गर्नुपर्ने भनि शम्भुनाथ नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८०/११/२९ गते बसेको बेठकको निर्णय अनुसार उक्त मेला ठेक्का मार्फत बन्दोबस्ती गर्नको लागि गोप्य शिलबन्दी ठेक्कामा भाग लिन इच्छुक सर्वसाधारण सबै महानुभावहरुको जानकारीको लागि १५ दिने यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. गोप्य शिलबन्दी ठेक्का फाराम बिक्रि हुने मितिः २०८०/११/३० देखि २०८०/१२/१४ गते कार्यालय समय सम्म।
२. गोप्य शिलबन्दी ठेक्का फाराम बुझाउने अन्तिम मितिः २०८०/१२/१५ गते दिउँसो १२:०० बजे सम्म।
३. गोप्य शिलबन्दी ठेक्का फाराम खोल्ने मितिः २०८०/१२/१५ गते दिउँसो २:०० बजे।
४. गोप्य शिलबन्दी ठेक्का फाराम बिक्रि हुने बुझाउनेः शम्भुनाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजश्व शाखा कठौना, सप्तरी

**<u>नियम तथा शर्तहरु:</u>**

१. ठेक्का लिने व्यक्ति नेपाली नागरिक हुनु पर्नेछ।
२. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ। ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएकै मितिबाट उपलब्ध हुनेछ।
३. फाराम खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन।
४. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वतः रद्द हुनेछ।
५. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठौना स्थित बैंक खाता नं. २३२०१००३०३००००८ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि शिलवन्दी फाराम सँगै पेश गर्नुपर्नेछ।
६. ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदै वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१०० ३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ। एकमुष्ठ रकम बुझाएमा कबोल अङ्कको १०% छुट दिइनेछ।
७. ठेकेदारले सम्झौताको शर्त, नियम र प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्देशनमा रहि मेला सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहि कतै उजुर बाजुर लाग्ने छैन।
८. कर संकलन नगदी रसिद अनिवार्य लागु गर्नु पर्नेछ र कर संकलन नगदी रसिद ठेकेदार स्वयमले नै छपाउनु पर्नेछ। कर बापत मेलाबाट जिन्सी सामान उठाउन पाइनेछैन।
९. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ।
१०. यस नगरपालिकामा बुझाउनु पर्ने पेश्की, बेरुजु, बाँकी बक्यौता बुझाउन बाँकी रहेको व्यक्ति वा फर्मले यो ठेक्कामा भाग लिन पाउने छैन।
११. ठेक्का बन्दोबस्ती भई सकेपछि कुनै किसिमको दैबि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनेछ र ठेक्का कबोल गरेको रकममा कुनै क्षतिपुर्ती वा मिनाही गरने छैन।
१२. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन।
१३. मेलामा गैर कानुनी खेल, तामासा तथा अबैध क्रियाकलाप संचालन गर्न गराउन पाइने छैन, गरे/गराएमा सो को सम्पुर्ण जिम्मेवारी ठेकेदार स्वयम हुनेछ।
१४. मन्दिर परिसर भित्रको आम्दानी/भेटी (नगदी जिन्सी) नगरपालिकाको संरक्षणमा रहनेछ।
१५. न्युन्तम कबोल अंकः २,९५,१००/- (अक्षरेपी रुपैया दुई लाख पन्चानब्बे हजार एक सय मात्र) कायम गरिएको छ।
१६. मेला ठेक्का सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

..................................

प्रमुख प्रशासकीय अधिकृत

# लागुपदार्थ दुर्व्यसनी सम्बन्धी कार्यशाला सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

नागरिक समाज सवलिकरण परियोजना अर्न्तगत बालक्लब संजाल र युवाक्लब संजालसंग लागूऔषध प्रयोग बिरुद्ध परामर्श कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

सेभ द चिल्ड्रेनको सहयोग तथा खडक नगरपालिका र ईलाका प्रहरी कार्यालय कल्याणपुरको समन्वयमा सबल नेपाल सप्तरीले खडक नगरपालिकास्थित कल्याणपुरमा सो कार्यशाला गोष्ठी आइतबार आयोजना गरेको हो ।

लागूऔषध प्रयोग बिरुद्ध परामर्श कार्यशाला गोष्ठीमा लागूपदार्थ दुर्व्यसनी बिरुद्ध ज्ञान सीप र धारणामा विकास गर्नु, लागू पदार्थ दुर्व्यसनी सम्बन्धि नीति तथा कार्यविधिमा अभिमुखिकरण हुनु, लागुपदार्थ सेवन बिरुद्ध पैरवी गर्नु लगायतका उद्देश्यमाथि प्रकाश पारिएको थियो ।

महिला बालबालिका तथा जेष्ठ नागरिक प्रमुख अनिता साहको संयोजनमा सम्पन्न लागुपदार्थ दुर्व्यसनी विषयक एक दिवसीय परामर्श कार्यशालामा ३५ जना बाल क्लब संजाल, युवा क्लब संजाल र बिभिन्न बिषयगत शाखाहरूको उपस्थिति रहेको थियो ।

ईलाका प्रहरी कार्यालय कल्याणपुरका प्रमुख सुभम अधिकारी र निरबहादुर आलेले सहजिकरण गरेका थिए । सो कार्यशालामा सहभागीहरुबाट बार्षिक योजना निर्माण गरि पालिकालाई हस्तान्तरण गरिएको थियो ।

# मिटरब्याजीको आरोपमा भगत पक्राउ


**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर बस्ने परमानन्द भगत मिटरब्याजीको आरोपमा पक्राउ परेका छन् ।

अदालतबाट परमादेशपछि ईलाका प्रहरी कार्यालय कल्याणपुरले गत शुक्रवार भगतलाई नियन्त्रणमा लिएको हो । उच्च अदालत जनकपुर-राजविराज इजलासमा जाहेरी परेको थियो ।

उनलाई ठगी तथा आपराधिक विश्वासघात मुद्दामा आइतवार म्याद थप गरि अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरिक्षक शुभेष अधिकारीले जानकारी दिए ।





डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
६ नं. वडा कार्यालय
6No. Ward Office
औरही, सप्तरी
Aurahi, Saptari
मधेश प्रदेश नेपाल
Madhesh province Nepal

पत्र संख्या: २०८०/०८१
चलानी नं :-६२०

मिति: २०८०/११/२४

विषय:- सुचना । सुचना ॥ सुचना ॥।

श्री:-डाक्नेश्वरी नगरपालिकाको वडा न.६ कार्यालय औरही, सप्तरी ।

उपरोक्त सम्बन्धमा जिल्ला पुर्वाधार विकास कार्यालय सप्तरी को प.स.२०८०/०८१ च.न.३३० मिति२०८०/११/१८ गतेको पत्र र पत्रमा भएको तोक आदेश बमोजिम तपसिलमा लेखिएको योजनाहरुको उपभोक्ता समिती गठन गर्नु पर्ने भएकोले तपसिल बमोजिम लेखिएको मिति,समय,स्थानमा उपस्थितीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.न. | योजनाको नाम | कियाकलाप नम्बर | कैफियत |
|---|---|---|---|
| १. | सप्तरीको डाक्नेश्वरी न.पा.५गरजा चौक देखि बधनाहा गाउँ सम्म ढलान कार्य | ११.४.७.२७८५ | |
| २. | ........ | ........ | ........ |

समय: १२:०० बजे
मिति :२०८०/१२/०१ गते बिहिवार
स्थान : किसुन मंडल घर नजिक रहेको बजरंगवली मन्दिरमा
नोट :-पत्र पत्रीकामा प्रकाशन भए पछी मात्र उक्त उपभोकता समिती गठन हुने

दिलिप कुमार मेहता
वडा सचिव

# राष्ट्रियसभाको अध्यक्षमा दाहाल निर्वाचित

काठमाडौं, २९ फागुन (रासस) ।

राष्ट्रियसभाको अध्यक्षमा सांसद नारायणप्रसाद दाहाल निर्वाचित हुनुभएको छ ।

राष्ट्रिसभाको मंगलबारको बैठकमा भएको मतविभाजन प्रक्रियाको मत-परिणाम सुनाउँदै सभाको अध्यक्षता गरिरहनुभएका उपाध्यक्ष उर्मीला अर्यालले दाहालका पक्षमा ३९ मत परेकाले दाहाललाई निर्वाचित गरियोस् भन्ने प्रस्ताव पारित भएको घोषणा गर्नुभयो ।

त्यसअघि दाहालका प्रतिस्पर्धी विपक्षी दलका उम्मेदवार नेपाली काँग्रेसका सांसद युवराज शर्मालाई निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा १७ मत परेको थियो । दुवै प्रस्तावको मतदानमा ५६ सांसद सहभागी हुनुभयो भने एक सांसद तटस्थ बस्नुभएको थियो । कुल ५९ सदस्यीय हुने सो सभामा हाल ५८ सदस्य कायम हुनुहुन्छ ।

# अमेरिका पठाइदिन्छु भन्दै ६० लाख ठगी गर्ने एक पक्राउ

काठमाडौं, २९ फागुन (रासस) ।

नेपाल प्रहरीले अमेरिका पठाइदिन्छु भनी ६० लाख ठगी गर्ने एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले वैदेशिक रोजगारीको लागि अमेरिका पठाइदिन्छु भनी ठगी गर्ने उदयपुर त्रियुगा नगरपालिका वडा नं ७ घर भई हाल गोंगबु बस्ने ३६ वर्षीय लोकबहादुर राउतलाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो ।

कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले अमेरिकामा रु सात लाख ५० हजारसम्म तलब हुने प्रलोभनमा पारी खिमा डाँगीसमेत दुई जनालाई ठगी गर्ने राउतलाई पक्राउ गरिएको जानकारी दिनुभयो ।







**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*